आकाशवाणी समाचार

December 26 th, 2025 Friday

प्रमुख समाचारहरु :

1) सरकारले नयाँ नीति निर्माणमा युवा शशक्तिकरण केंद्रित रहेको प्रधान मन्त्री नरेंद्र मोदीको भनाइ

2 ) मुख्य सचिवहरूको पाँचौं राष्ट्रिय सम्मेलन आजदेखि नयाँ दिल्लीमा सुरु

3) राष्ट्रपति द्रौपदी मुर्मूद्वारा आज नयाँ दिल्लीमा बालबालिकालाई राष्ट्रिय बाल पुरस्कार प्रदान

4) गृह मन्त्री अमित शाहद्वारा नयाँ दिल्लीमा आतंकवाद विरोधी सम्मेलनको गर्नुभयो उद्घाटन

1) प्रधानमन्त्री नरेंद्र मोदीले भन्नुभएको छ युवालाई राष्ट्र निर्माणको केन्द्रमा राख्दै नयाँ नीतिहरू युवा सशक्तीकरणमा केन्द्रित गरी तयार गरिँदैछ। नयाँ दिल्लीमा वीर बाल दिवस कार्यक्रममा श्री मोदीले भन्नुभयो जेनजी र जेन अल्फा ले देशलाई विकसित राष्ट्र बनाउने लक्ष्यतर्फ लानेछन्। उहाँले भन्नुभयो की अन्तरिक्ष, खेल, फिनटेक र विनिर्माण सहित विभिन्न क्षेत्रमा सरकारका हरेक पहल युवा केंद्रित रहेका छन्। प्रधानमन्त्रीले सरकारको “मेरा युवा भारत” पहल अन्तर्गत युवालाई जोड्ने र उनिहरूलाई नेतृत्व कौशल विकासका निम्ति अवसर प्रदान गर्ने प्रयास भइरहेका छन्। प्रधानमन्त्री मोदीले भन्नुभयो युवाका लागि पहिले भन्दा धेरै अवसर बढिरहेका छन् र् उनिहरूको प्रतिभा, आत्मविश्वास र नेतृत्वलाई दोहन गर्नका लागि उत्तम अवसर प्रदान गर्न सरकार प्रतिबद्ध छ। प्रधानमन्त्रीले भन्नुभयो शिक्षा नीतिमा महत्वपूर्ण सुधारहरू मार्फत विकसित भारतको मजबूत घडेरी निर्माण गरिदैछ। प्रधानमन्त्रीले बताउनु भयो की नयाँ राष्ट्रिय शिक्षा नीति २१औं शताब्दीको आधुनिक शिक्षण विधिहरूमा केन्द्रित छ। यसले व्यावहारिक शिक्षामा बल दिन्छ र समस्या-समाधान कौशल विकसित गर्दछ। यस अवसरमा प्रधानमन्त्रीले राष्ट्रिय बाल पुरस्कार द्वारा पुरस्कृत २० बाल बालिका संग संवाद गर्नु भयो ।

2) राष्ट्रपति द्रौपदी मुर्मूले आज नयाँ दिल्लीमा वीर बाल दिवसको अवसरमा प्रधानमन्त्री राष्ट्रिय बाल पुरस्कार प्रदान गर्नुभयो । यस वर्ष १८ राज्य र केंद्र शासित प्रदेशका २० बालबालिकालाई उनिहरूको वीरता, कला र संस्कृति, पर्यावरण, नवाचार र विज्ञान तथा प्रविधि सहित विभिन्न क्षेत्रमा असाधारण योगदान पुरयाए वापद यो पुरस्कार प्रदान गरिएको हो । यस अवसरमा राष्ट्रपति मुर्मूले भन्नुभयो यी पुरस्कारले देशभरका बालबालिका हरुलाई प्रेरित अनि प्रोत्साहित गर्नेछ, । राष्ट्रपतिले भन्नुभयो यो दिवस हरेक वर्ष श्री गुरु गोविंद सिंह जीका पुत्र साहिबजादा बाबा जोरावर सिंहजी र बाबा फतेह सिंहजीको बलिदानका यादमा मनाइन्छ।

1) मुख्य सचिवहरूको पाँचौं राष्ट्रिय सम्मेलन आज नयाँ दिल्लीमा सुरु भएको छ। प्रधानमन्त्री नरेंद्र मोदी भोली शनिवार र आइतबार सम्मेलनको अध्यक्षता गर्नुहुनेछ । तीन दिने यस सम्मेलनको उद्देश्य राष्ट्रिय प्राथमिकताहरूमा व्यवस्थित र निरन्तर संवाद मार्फत केंद्र अनि राज्य बीचको साझेदारीलाई शशक्त पारनु हो। प्रधानमन्त्रीको सहकारी संघवादको परिकल्पनामा आधारित, यो सम्मेलन एउटा मंचको रूपमा स्थापित छ जहाँ केंद्र र राज्य मिलेर काम गर्दछन । यो मंचका माध्यमले देशको मानव पूंजी क्षमतालाई अधिकतम उपयोग गरी समावेशी, भविष्यको लागि विकासलाई तीव्र बनाउन एकीकृत रोडमैप तयार पारनु हो ।यसका पाँच मुख्य क्षेत्रहरू, बाल्यकालीन शिक्षा, स्कूली शिक्षा, कौशल विकास, उच्च शिक्षा, खेल र पाठ्यसंबंधी विषयका गतिविधिहरू सामेल छन ।

4 ) गृह मन्त्री अमित शाहले आज नयाँ दिल्लीमा NIA द्वारा आयोजित आतंकवाद विरोधी सम्मेलनको उद्घाटन गर्नुभयो । यस अवसरमा, उहाँले नौ NIA कर्मचारीलाई सेवापदक र वीरतापदक प्रदान गर्नुभयो । साथै, गृह मन्त्रीले NIA को अद्यतन अपराध मैनुअल, संगठित अपराध नेटवर्क डेटाबेस र हराएका र बरामद हतियार डेटाबेसको पनि अनावरण गर्नुभयो
यस संदर्भम सामाजिक संजालको एउटा पोस्टमा, श्री शाहले जोड दिनु भएको छ की आतंकवाद मानवताको सबैभन्दा ठूलो दुश्मन हो र सबैले मिलेर यसविरुद्ध लड़ाईं गर्नुपर्छ। उहाँले भन्नुभयो नरेंद्र मोदी सरकार देशमा आतंकवादलाई कटिबद्द रुपले दमन गरीरहेछ । उहाँले भन्नुभयो यो सम्मेलन, देशको विचार मंच हो, जहां आतंकवाद समाप्त गर्न सबै एजेंसीहरूको रणनीतिहरूलाई एकत्रित गर्दछ। यो सम्मेलनको मुख्य उद्देश्य, विभिन्न हितधारकहरू बीच समन्वय स्थापित गरी आतंकवाद

विरुद्ध संयुक्त कार्ययोजना को निर्माण गर्नु तथा आतंकवाद विरोधी मुद्दाहरू र आतंकवाद सम्बन्धी अनुसन्धानहरूमा अनुभव र राम्रा अभ्यासहरू साझा गरिनेछ। सम्मेलनमा राज्य र केन्द्र शासित प्रदेशका वरिष्ठ पुलिस अधिकारीहरू, आतंकवाद विरोधी मुद्दाहरूसँग सम्बन्धित केन्द्र सरकारका अधिकारीहरू र कानून, फोरेंसिक, प्रविधि आदि क्षेत्रका विशेषज्ञहरू भाग लिरहेका छन्

5) ग्रामीण विकास मंत्री शिवराज सिंह चौहानले भन्नुभएको छ विकसित भारत: जी राम जी योजनाअंतर्गत, २०४७ सम्म विकसित भारतको लक्ष्य साकार गर्न ग्रामीण विकास कार्यहरू गरिनेछ। दूरदर्शन समाचार सँगको एउटा अन्तर्वार्तामा, श्री चौहानले भन्नुभयो यस योजनाले कानूनी रोजगार प्रत्याभूतिलाई १०० दिनबाट बड़ाएर अनिवार्य रुपमा १२५ दिन गरिएको छ । मन्त्रीले चौहनले जोड दिनुभयो, की विकसित भारत: जी राम जी ऐन अंतर्गत आवेदन दिएको १५ दिन भित्र काम नदिएमा अनिवार्य बेरोजगारी भत्ता प्रदान गर्दछ। मन्त्री चौहानले भन्नुभयो मजदूरी, सामग्री, र प्रशासनिक घटकहरूमा कुल अनुमानित वार्षिक आवस्यक कोष एक लाख ५१ हजार करोड़ रुपैयाँ छ, जसमा राज्यको भाग पनि समावेश छ। श्री चौहानले भन्नुभयो यसमा केन्द्रको हिस्सा ९५ हजार करोड़ रुपैयाँ भन्दा बढी छ।

5) आज गुजरातको कच्छ जिल्लाको वागड क्षेत्रमा बिहान ८ पटक भूकम्पका झट्काहरु महसुस भएका छन्। सबैभन्दा पहिले बिहान साढ़े 4 बजे 4 दसमलव 6 तीव्रताको भूकम्प महसुस गरिएको थियो, जसका कारण धैरै मानिस घरबाट बाहिर निस्किएका थिए। भूकम्पको केन्द्र विंदु रापर देखि २२ किलोमिटर उत्तरपश्चिममा रहेको बताइएको छ , यस भूकंप पछि क्षेत्रमा एक पछि अर्को गर्दै, जम्मा ८ वटा झटका पुन: महसूस गरिएको थियो

6) मौसम विभागले आज पूर्वी उत्तर प्रदेशमा कुहीरो लाग्ने रेड अलर्ट जारी गरेको छ। दिल्ली, झारखंड, हरियाणा, चंडीगढ़, पंजाब, छत्तीसगढ़ र पश्चिमी राजस्थानका केन्द्रीय भागहरूमा शीत लहरको अनुमान व्यक्त गरिएको छ। असम, मेघालय र उत्तर प्रदेशमा बाकलों कुहीरो लाग्ने अनुमान छ। पूर्वोत्तर, उत्तराखंड, ओडिशा, पश्चिम बंगाल, हिमाचल प्रदेश, पूर्वी मध्य प्रदेश र जम्मू-कश्मीरका केन्द्रीय स्थानहरूमा पनि ३० डिसेम्बर सम्म बाकलों कुहीरो रहने अनुमान छ। असममा भोलि सम्म न्यूनतम तापमानमा ३ डिग्री सेल्सियस र आगामी दुई दिन सम्म छत्तीसगढ़मा २ डिग्री सेल्सियस सम्म हुने अनुमान गरिएको छ। यसै बीच, राष्ट्रिय राजधानी दिल्ली वरपरका क्षेत्रहरूमा वायु गुणवत्ता खराब श्रेणीमा रहेको छ। केन्द्रीय प्रदूषण नियंत्रण बोर्डका अनुसार, आज दिउँसो एक बजे सम्म राष्ट्रिय राजधानीको औसत वायु गुणवत्ता सूचकांक तीन सय बत्तीस ३२३ रेकर्ड गरिएको छ।

<u>प्रमुख समाचार पुन: एकपटक</u>

1) सरकारले नयाँ नीति निर्माणमा युवा शशक्तिकरण केंद्रित रहेको प्रधान मन्त्री नरेंद्र मोदीको भनाइ

2 ) मुख्य सचिवहरूको पाँचौं राष्ट्रिय सम्मेलन आजदेखि नयाँ दिल्लीमा सुरु

3) राष्ट्रपति द्रौपदी मुर्मूद्वारा आज नयाँ दिल्लीमा बालबालिकालाई राष्ट्रिय बाल पुरस्कार प्रदान

4) गृह मन्त्री अमित शाहद्वारा नयाँ दिल्लीमा आतंकवाद विरोधी सम्मेलनको गर्नुभयो उद्घाटन

<><><>